आज मिति २०८१।०६।०६ गते आइतबारका दिन यस नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय सरमथली रसुवाको गाउँपालिकाका अध्यक्ष श्री नुर्वु स्याङवो घलेज्यूको अध्यक्षतामा ३५औं कार्यपालिकाको बैठक तपसिलका सदस्यहरूको उपस्थितमा तपसिल बमोजिमका निर्णयहरु सर्वसम्मत निर्णय गरियो।

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्वु स्याङवो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडा अध्यक्ष - १ | |
| ४ | डावु ग्याल्वो थोक्रा | वडा अध्यक्ष — २ | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडा अध्यक्ष — ३ | |
| ६ | ज्ञानी वाईवा | वडा अध्यक्ष — ४ | |
| ७ | श्याम बहादुर थिङ | वडा अध्यक्ष — ५ | |
| ८ | यो नुर्पु तामाङ | वडा अध्यक्ष — ६ | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङनि | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङनी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | नविन गिरी | सचिव | |

CamScanner

निर्णयहरू

निर्णय नं १

वर्षातको कारणबाट नौकुण्ड गाउँपालिका भित्रका सडकहरु बिग्रिएको, पहिरो गएको हुदाँ तपसिल बमोजिम खर्च गर्ने गरी सडक सरसफाई गर्ने।

<u>तपसिल</u>

क) वडा नं १ को स्वीकृत "नौकुण्ड-१ सडक मर्मत तथा सरसफाई" बजेट शीर्षकबाट गर्ने।

ख) वडा नं २ को स्वीकृत "सडक सरसफाई" बजेट शीर्षकबाट गर्ने।

ग) वडा नं ३ सडक सरसफाईको लागि नौकुण्ड गाउँपालिका वडा नं ३ को "विपत् व्यवस्थापन" शीर्षकबाट गर्ने।

घ) वडा नं ३ को खाराग्रेत पहिरो नियन्त्रण गरी बाटो सुचारु गर्न "खाराग्रेत पहिरो नियन्त्रण तथा बाटो सफाई आयोजना" मा गाउँपालिकाको विपद् कोषबाट रु छ लाख छुट्याई सम्पन्न गर्ने।

ङ) वडा नं ४ सडक सरसफाईको लागि वडा नं को स्वीकृत "नौकुण्ड ४ सडक सरसफाई" शीर्षकबाट गर्ने।

च) वडा नं ४ कार्यालय नजिक पहिरो नियन्त्रणको लागि "नेवार टोल जाने सडक पहिरो नियन्त्रण" आयोजनाको लागि जिल्ला सिँचाई कार्यालयबाट प्राप्त भएको जाली मध्ये चैतिस थान दुई घन मिटरको जाली प्रयोग गर्ने र उक्त निर्माणको लागि रु तीन लाख गाउँपालिकाको विपद् कोषबाट खर्च गर्ने।

छ) वडा नं ५ को स्वीकृत बजेट "वडा भरिको सडक सरसफाई" शीर्षकबाट सरसफाई गर्ने।

ज) वडा नं ६ को सडक सरसफाईको लागि वडा नं ६ को स्वीकृत "विपद् व्यवस्थापन" शीर्षकबाट रु दुई लाख पचास हजार र गाउँपालिका विपद् कोषबाट दुई लाख पचास हजार गरि कुल जम्मा पाँच लाख "वडा नं ६ सडक सरसफाई आयोजना" संचालन गर्ने।

निर्णय नं २

श्री छेडुप गुम्बा संरक्षण सम्बर्द्धन समाज, भोर्ले-५, रसुवाको प.सं. ०८१/८२ च.नं. ५, मिति २०८१।५।१३ को सिफारिस पाउँ भन्ने बारे विषयको प्राप्त पत्रको सन्दर्भमा छलफल भयो र सम्बन्धित कार्यालयमा समन्वय गर्न पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं ३

आ.व. २०८१।८२ को दशै पुजाको लागि यस गाउँपालिका क्षेत्रमा रहेका प्रहरी चौकी पारच्याङलाई बीस हजार रुपैया र प्रहरी चौकी गोल्जुङबेशी(यार्सा) लाई पन्ध्र हजार रुपैया गरि कुल जम्मा पैत्तिस हजार रुपैया मात्र विविध खर्च शीर्षकबाट भुक्तानी लेख्ने निर्णय गरियो।

CamScanner